# बाली तथा पशुपन्छी बिमा कार्यक्रमको प्रभावकारिता तथा पहुँच विस्तारसम्बन्धी अध्ययन प्रतिवेदन


अध्ययन प्रतिवेदन तयार गर्ने संस्थाहरु

JuRI-Nepal

न्याय तथा अधिकार संस्था-नेपाल
(जुरी-नेपाल)
ललितपुर

Indreni
Rural Development Centre Nepal
Buddhabhumi, Kapilvastu

इन्द्रेणी ग्रामिण विकास केन्द्र
कपिलवस्तु

Society Welfare Action Nepal
SWAN
Estd 2051

सोसाइटी फर एक्सन नेपाल (स्वान)
दाङ



असार, २०७९

*यो अध्ययन प्रतिवेदन आइ एम स्विडिस डेभलपमेन्ट पार्टनरको सहयोगमा न्याय तथा अधिकार संस्था- नेपाल (जुरी- नेपाल), ललितपुर, इन्द्रेणी ग्रामिण विकास केन्द्र, कपिलवस्तु र सोसाइटी फर एक्सन नेपाल (स्वान) दाङको सहकार्यमा तयार गरिएको हो। यस अध्ययनको मस्यौदा तथा संयोजनका लागि डा. महादेव प्रसाद पौडेललाई विशेष धन्यवाद।*

# विषयसूची


**अध्ययनको पृष्ठभूमि ........ १**

**अध्ययनको उद्देश्य ........ ३**

**अध्ययन कार्यको अवधि : ........ ३**

**अध्ययनको विधि : ........ ३**

१. अध्ययन तथा समीक्षा (Desk Review) ........ ३

२. समूह केन्द्रित छलफल (Focus Group Discussion) ........ ४

३. मुख्य सूचनादातासँग अन्तर्वार्ता (Key Informant Interview (KII) with Relevant Stakeholders'/Government Official) ........ ४

**अध्ययनको नतिजा ........ ५**

१. नीति समीक्षाको नतिजा ........ ५

२. समूह केन्द्रित छलफल (Focus Group Discussion) को नतिजा ........ ६

३. मुख्य सूचनादाता अन्तर्वार्ता (Key Informant Interview ) को नतिजा ........ ११

**अध्ययनको निष्कर्ष ........ १४**

**अध्ययनको सिफारिस ........ १५**

- स्थानीय सरकारको भूमिका ........ १५
- प्रदेश सरकारको भूमिका ........ १६
- संघीय सरकारको भूमिका ........ १७
- निजी क्षेत्र अर्थात् बिमा कम्पनीको भूमिका ........ १८
- कृषक र कृषक समूहको भूमिका ........ १९
- कृषक अधिकारको क्षेत्रमा कार्यरत संघ संस्था तथा अन्य सरोकारवाला संघ संस्थाको भूमिका ........ १९

**सन्दर्भ सामग्रीहरू ........ २०**

**अनुसूचीहरू ........ २१**

**I. समूह केन्द्रित छलफल (Focus Group Discussion) को प्रश्नावली ........ २१**

# अध्ययनको पृष्ठभूमि

जलवायु परिवर्तनका असरबाट धेरै जोखिम भएका मुलुकहरू मध्ये नेपाल एक हो भनेर चिनिन्छ। अन्य मुलुकमा जस्तै हालसालैका वर्षहरूमा बाढी, पहिरो, सुक्खा खडेरी, असिना, आँधिहुरी, हिमपहिरो, हिउँताल विष्फोट जस्ता जलवायु परिवर्तन जन्य घटनाका दरहरू बर्सेनि परिवर्तन भएको देखिन्छ। कुनै घटनाको औसत संख्या बढेको छ त कुनैको घटेको छ, साथै गहनता घटेको बढेको भन्ने पनि देखिएको छ। यस्ता किसिमका जलवायुजन्य घटनाबाट कृषि क्षेत्रमा धेरैजसो नकरात्मक असर गर्ने र केहीमा सकारात्मक असर पनि देखिन्छ। जलवायु परिवर्तनबाट नेपालको कृषि व्यवसायमा उत्पादनजन्य जोखिम बढेको भन्ने अनुमान गरिएको छ। जलवायुजन्य जोखिमलाई अजैविक (Abiotic) जोखिम भन्ने गरिन्छ भने बाली तथा पशुपन्छीमा लाग्ने नयाँ रोग तथा किराहरूको आगमनबाट हुने जोखिमलाई जैविक (Biotic) जोखिम भनिन्छ, दुवै जोखिमबाट कृषि व्यवसायमा चुनौती थपिएका छन्। यस हिसाबले नेपालको कृषि क्षेत्रमा जोखिम मापनयोग्य रूपमा बढेको भन्ने विभिन्न अध्ययनले देखाएका छन्।

कृषि क्षेत्रमा बढ्दै गरेको जोखिम व्यवस्थापन गरी कृषकलाई नोक्सानीबाट बचाई कृषि पेशाको समुचित हिसाबले जोखिम व्यवस्थापन गर्न नेपालका विभिन्न नीतिहरूमा बिमा कार्यक्रम अगाडि बढाउनुपर्ने विषय उल्लेख गरिएको छ। राष्ट्रिय कृषि नीति २०६१ को बुँदा नं. ३० मा पहिलो चरणमा पशु र पक्षीलाई बिमा गरिने र दोस्रो चरणमा बिउ र उच्च मूल्यका कृषि उपजको बिमा गरिने भन्ने उल्लेख छ। कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३ को नीति बुँदा नं. ४.३१ मा बाली, पशुपक्षी, बजार र कृषि उद्योगको बिमा गरिने भन्ने उल्लेख गरिएको छ। पन्छीपालन नीति २०६८ मा पन्छीपालन उद्योगको संरक्षणका लागि बिमा कार्यक्रम लागू गर्ने विषय उल्लेख गरिएको छ। त्यसैगरी कृषि विकास रणनीति २०१५ (२०१५–२०३५) मा जोखिम व्यवस्थापन गर्ने विषयलाई प्राथमिकताका साथ उल्लेख गरिएको छ।

विभिन्न नीतिहरूको मार्गदर्शनलाई मध्यनजर गरी नेपाल सरकारले आ.व. २०७०/७१ देखि कृषि बिमा कार्यक्रम देशैभरि लागू गरेको छ। बाली तथा पशुपन्छी बिमा कार्यक्रम सञ्चालनका लागि नेपाल सरकारले कृषि तथा पशुपन्छी बिमा निर्देशन २०६९ र बाली तथा पशुधन बिमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७० मन्त्रिपरिषद्बाट स्वीकृत गरी लागू गरेको थियो। कृषि तथा पशुपन्छी बिमा निर्देशिका २०७७ जारी भएपछि सोही निर्देशिकाबाट बिमा कार्यक्रम सञ्चालन भइरहेको छ। कृषि र पशुपन्छीमा भिन्न भिन्न जातलगायत विविध कुराले धेरै विविधता हुने र जैविक वस्तु भएकोले जोखिम बढी हुने लगायतका कारणले कृषि बिमा कार्यक्रममा नीजि कम्पनीहरूको आकर्षण नरहने अवस्थालाई मध्यनजर गरी देशभरमा रहेका बिमा कम्पनीलाई सबै क्षेत्रमा सेवा पुर्‍याउन अनिवार्यता गराइएको छ। त्यसका लागि प्रत्येक कम्पनीलाई ४–५ जिल्लामा सेवा पुर्‍याउने व्यवस्था गरी बिमा कार्यक्रम ७७ वटै जिल्लामा सञ्चालनमा ल्याइएको छ। तोकिएका जिल्लामा अनिवार्यता तर इच्छाअनुसार अन्य जिल्लामा सेवा पुर्‍याउन सकिने व्यवस्था गरिएको छ। धेरैजसो बाली र पशुपन्छीमा सरदर जोखिम दर ५% मानिएको र केहीमा ३ र केहीमा ७% सम्म लिइएको छ। बिमा कार्यक्रमलाई कृषकमुखी बनाउन सुरुको वर्षमा प्रिमियममा ५०% अनुदान दिने व्यवस्था गरिए पनि कृषकको न्यून आकर्षण भएको अवस्थालाई मध्यनजर गरी उक्त अनुदानलाई आ.व. २०७१/७२ देखि २०७७/७८ सम्म

७५% र चालु आ.व. २०७८/७९ मा ८०% पुर्‍याइएको छ। कृषि बिमा प्रिमियममा अनुदान दिने व्यवस्थाका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा बजेट विनियोजन गरिने व्यवस्था गरिएको छ। बिमा समितिको स्वीकृति, सहकार्य र समन्वयमा कृषि बिमा गराउने अभिकर्ता तयार गरी जिल्ला जिल्लामा पठाई परिचालन गरिएको छ। तर कृषि बिमा कार्यक्रमले आशातित उपलब्धि देखाउन सकेको देखिँदैन।

हालसम्मको बिमा कार्यक्रमको प्रगति विवरण तालिका १ मा उल्लेख गरिएको छ। आ.व. २०७७/७८ मा बाली तथा पशुपन्छी बिमा कार्यक्रममा रु ४५.४८ अर्ब बराबरको बिमा भएकोमा बालीतर्फ जम्मा ५.९१% तथा पशुपन्छीतर्फ ९४.०९% पाइएको छ। तसर्थ, पशुपन्छीतर्फ बिमा गर्न कृषकहरूको आकर्षण केही देखिए पनि बालीतर्फ भने सन्तोष मान्ने अवस्था देखिँदैन।

**तालिका १. बाली तथा पशुपन्छी बिमा विवरण (रकम रु दश लाख)**

| आ. व. | बिमाङ्क रकम | बिमा शुल्क रकम | बिमा शुल्कमा अनुदान रकम | दाबी भुक्तानी रकम | जम्मा बिमालेख संख्या |
|---|---|---|---|---|---|
| २०७०/७१ | ६२५.४० | ३४.०५ | १७.०२ | १२.९९ | १७५८ |
| २०७१/७२ | ३१८६.८३ | १६१.०२ | १२०.५७ | ६१.६५ | ९१८१ |
| २०७२/७३ | ६०३८.४१ | २७८.७५ | २०९.०५ | १५९.५८ | २७५५७ |
| २०७३/७४ | ९२५४.४८ | ४२६.३७ | ३१९.७८ | २५५.८७ | ७५२२८ |
| २०७४/७५ | १३२२२.५८ | ५४७.३७ | ४३०.७८ | ३१६.२८ | ६५९०८ |
| २०७५/७६ | २२०९४.८७ | १००४.७६ | ७५३.५७ | ५६७.७६ | ११६८५८ |
| २०७६/७७ | १९७८७.२२ | ८७६.६८ | ६५७.५१ | ५००.४९ | १२९००० |
| २०७७/७८ | ४५४८०.०० | २०२२.४८ | १५१६.६८ | ६५८.६९ | १२९००० |

नेपालमा बाली तथा पशुपन्छी बिमा कार्यक्रम आर्थिक वर्ष २०७०/७१ बाट लागू भएकोमा हालसम्म करिब ८ वर्ष सञ्चालनमा आइसकेको छ। यस अवधिमा बिमा कार्यक्रम के कसरी सञ्चालन भएको छ, सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासि जनजाति, मधेशी, थारू, अल्पसख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत, मुस्लिम, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरुपले विपन्न खस आर्यलगायत विभिन्न समूहका कृषकको पँहुच तथा सहभागिता के कस्तो छ ? पँहुच तथा सहभागिता विस्तार के कसरी भइरहेको छ? तथा के गर्न आवश्यक छ ? भन्ने सवालहरूमा अध्ययन तथा समीक्षाका साथै नीतिगत तथा पक्रियागत सुधारको लागि पैरवी गर्ने सन्दर्भमा कृषक तथा जानकारवालाहरूको बुझाइ तथा सुझाव समुदाय तह तथा संघीय तहबाट संकलन गर्ने गरी न्याय तथा अधिकार सस्था–नेपाल (जुरी–नेपाल) (Justice and Rights Institute-Nepal (JuRI-Nepal), इन्द्रेणी गामिण विकास केन्द, कपिलवस्तु (Indreni Rural Development Center (IRDC), Kapilbastu र सोसाइटी वेलफेयर एक्सन नेपाल (स्वान) लमही, दाङ(Society Welfare Action Nepal, (SWAN), Lamahi, Dang) सँगको सहकार्यमा यस अध्ययन प्रतिवेदन तयार पारिएको छ। यो अध्ययन आइ. एम. स्विडिस डेभलपमेन्ट पार्टनरसँगको सहयोग र सहकार्यमा सम्पन्न गरिएको छ।

## अध्ययनको उद्देश्य

**यस अध्ययनको मुख्य उद्देश्यहरू निम्न रहेका छन् :**

- नेपालमा बाली तथा पशुपन्छी बिमा कार्यक्रम सञ्चालनका लागि विद्यमान ऐन, नियम, नीति, कार्यक्रमहरूको अध्ययन तथा विश्लेषण गर्ने,
- सर्भे क्षेत्रका कृषकहरू र विषेश गरी पछाडि पारिएका वर्गका कृषकहरूमा बिमा कार्यक्रमका बारेमा जानकारी, सहभागिता र पँहुचको अवस्थाका बारेमा जानकारी लिने,
- बिमा कार्यक्रम कार्यन्वयनमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवस्थाबारे जानकारी लिने र
- बाली तथा पशुपन्छी बिमा कार्यक्रम प्रभावकारी बनाउनका लागि विद्यमान ऐन, नियम, नीति, कार्यक्रमहरूमा सुझाव दिने ।

## अध्ययन कार्यको अवधि :

यस अध्ययनको अवधि सुरुमा २२ फेब्रुअरीदेखि ३१ मार्चसम्म तय गरिएको भए पनि फिल्ड सर्भे कार्यमा तोकिएको समयभन्दा केही समय बढी लागेकोले अध्ययन कार्य मे २०२२ सम्ममा सम्पन्न गरिएको थियो ।

## अध्ययनको विधि :

यस अध्ययनका लागि मुलतः ३ वटा विधिहरू अपनाइएका थिए ।

### १. अध्ययन तथा समीक्षा (Desk Review)

यस विधिमा नेपालमा कृषि बिमा सञ्चालनका लागि कार्यान्वयनमा रहेका बिमा ऐन २०४९, बिमा नियमावली २०४९, बाली तथा पशुधन बिमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका २०७० ,कृषि तथा पशुपन्छी बिमा निर्देशिका २०७७ साथै कृषि नीति, २०६१, कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३, कृषि विकास रणनीति (२०१५-२०३५) तथाबाली तथा पशुपन्छी बिमा कार्यक्रमहरूको अध्ययन तथा विश्लेषण गरी विद्यमान प्रावधानहरू र सुधार गर्नुपर्ने पक्षहरू औँल्याउने कार्य गरिएको छ ।

## २. समूह केन्द्रित छलफल (Focus Group Discussion)

बाली तथा पशुपन्छी बिमा कार्यक्रमका प्रत्यक्ष लाभग्राही कृषकहरूसँगको अन्तरक्रिया तथा छलफलबाट अध्ययनको उद्देश्यअनुसार अभिमत, सूचना तथा जानकारी संकलन गरिएको थियो। जसमा ८ वटा समूह केन्द्रित छलफलमा १४२ जना समावेशी कृषकहरूको सहभागिता गराई जानकारी लिइएको थियो। यसकार्यमा कपिलवस्तु जिल्लाका विजयनगर गाउँपालिका र शिवराज नगरपालिका (जुन IRDC का कार्य क्षेत्रहरू हुन्) मा प्रत्येक स्थानीय तहमा २ वटा समूह केन्द्रित छलफल गरी जम्मा ४ वटा समूह केन्द्रित छलफल गराइएको थियो भने दाङ जिल्लाका गढवा गाउँपालिका र राप्ती गाउँपालिका (जुन स्वानका कार्य क्षेत्रहरू हुन्) मा प्रत्येकमा २ वटा समूह केन्द्रित छलफल गरी जम्मा ४ वटा समूह केन्द्रित छलफल दाङमा गराइएको थियो। जम्मा ८ वटा समूह केन्द्रित छलफलमा सहभागी भएका कृषकहरूको जातगत तथा अन्य समूहगत विवरण तालिका २ मा उल्लेख गरिएको छ। माथिका सबै समूह केन्द्रित छलफल (Focus Group Discussion) का लागि अनुसूचि १ अनुसारको तयारी प्रश्नावलीको प्रयोग गरी जानकारी लिइएको थियो।

**तालिका २ समूह केन्द्रित छलफलमा सहभागी भएका कृषकहरूको जातगत तथा अन्य समूहगत विवरण**

| ठेगाना | महिला | पुरुष | दलित | आदिवासी/ जनजाति | अन्य | मधेसी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| गढवा गा.पा.-४ दाङ | १० | ७ | ४ | ९ | ३ | १ | १७ |
| गढवा गा.पा.-४ दाङ | १२ | ४ | १ | १२ | ० | ३ | १६ |
| राप्ती गा.पा.-७, दाङ | १६ | १ | ० | १६ | १ | ० | १७ |
| राप्ती गा.पा.-९, दाङ | १४ | ७ | ० | २१ | ० | ० | २१ |
| विजयनगर गा.पा.-१, कपिलवस्तु | १० | ७ | ३ | १० | ४ | ० | १७ |
| विजयनगर गा.पा.-२, कपिलवस्तु | ९ | ८ | ० | ० | १ | १६ | १७ |
| शिवराज न.पा.-९, कपिलवस्तु | १२ | ८ | ९ | ८ | ० | ३ | २० |
| शिवराज न.पा.-९, कपिलवस्तु | ११ | ६ | ४ | ५ | १ | ७ | १७ |
| जम्मा | ९४ | ४८ | २१ | ८१ | १० | ३० | १४२ |

## ३. मुख्य सूचनादातासँग अन्तर्वार्ता (Key Informant Interview (KII) with Relevant Stakeholders'/Government Official)

यस विधिको लागि जिल्ला, प्रदेश र संघीय तहमा कार्यरत सम्बन्धित सरोकारवाला तथा सरकारी निकायका प्रतिनिधिहरूबाट जानकारी लिइएको थियो। प्रत्येक जिल्लाबाट कृषि ज्ञान केन्द्र-१ र भेटेरीनरी अस्पताल तथा पशुविज्ञ केन्द्र प्रमुख-१ जना गरी २ जना, जिल्लाका प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना प्रमुख-१जना, जिल्लामा तोकिएका बिमा कम्पनीहरूका शाखा प्रमुख मध्येबाट-१ जना, सर्भेक्षण गरिएको स्थानीय तहका कृषि र पशु शाखा प्रमुखमध्येबाट-२ जना,कृषि सहकारी मध्येबाट-१जना, गरी प्रत्येक जिल्लाबाट ७ जना र २ जिल्लाहरूबाट जम्मा १४ जनाबाट सूचना तथा जानकारी लिइने भनिएकोमा कपिलवस्तु जिल्लमा बिमा कम्पनी थप १ जना र दुवै स्थानीय तहका कृषि तथा पशु शाखा प्रमुख गरी थप २ जना गरी जम्मा १७ जनाबाट सर्भेक्षण गरिएको थियो। त्यसैगरी, लुम्बिनी प्रदेशबाट कृषि क्षेत्र हेर्ने मन्त्रालयका प्रतिनिधि १ जनाबाट जानकारी लिइएको थियो। संघीयस्तरमा बिमा समितिमा कृषि तथा पशुपन्छी बिमा हेर्ने शाखा प्रमुख-१जना, धेरै कृषि तथा पशुपन्छी गर्ने बिमा कम्पनीहरू मध्येबाट हिमालयन जनरल

इन्सुरेन्स कम्पनीबाट-१जना, कृषि विभाग र पशु सेवा विभागमा बिमा हेर्ने शाखा प्रमुख वा अधिकृतहरूमध्ये-२जना गरी जम्मा ५ जनाबाट अभिमत सूचना तथा जानकारी लिइएको थियो। सबै गरी जम्मा २२ जनासँग जानकारी लिइएको थियो। यसका लागि अनुसूचि २ बमोजिमको प्रश्नावलीको प्रयोग गरिएको थियो। मुख्य सूचनादाताको विवरण अनुसूची खण्डमा समावेश गरिएको छ।

# अध्ययनको नतिजा

## १. नीति समीक्षाको नतिजा

- बिमा ऐन, २०४९ र बिमा नियमावली, २०४९ मा बाली तथा पशुपन्छी बिमा कार्यक्रम र उक्त कार्यक्रममा सचेतना अभिवृद्धि, प्रभावकारिता तथा पहुँच विस्तारसम्बन्धी कुनै पनि विषय उल्लेख गरेको देखिँदैन।

- बाली तथा पशुधन बिमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७० को बुँदा नं.२ मा कृषकहरूको काबु बाहिरको परिस्थितिबाट हुन सक्ने सम्भावित जोखिम न्यूनीकरण गरी कृषकहरूलाई व्यावसायिक खेतीतर्फ आकर्षित गर्न सहयोग गर्ने; कृषिको व्यवसायिकरणका लागि जोखिम न्यूनीकरण गरी कृषकले माछा, पशुपन्छी, कृषि उपजमा गरेको लगानीलाई सुरक्षित गर्न सहयोग गर्ने र कृषि क्षेत्रमा निजी तथा सहकारी क्षेत्रको लगानी आकर्षित गर्न सहयोग गर्ने उद्देश्य उल्लेख गरिएको छ।

- बाली तथा पशुधन बिमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७० को बुँदा नं.४ मा बाली तथा पशुधन बिमा कोष व्यवस्थापन समितिको व्यवस्था गरेको छ भने उक्त व्यवस्थापन समितिको काम कर्तव्य तथा अधिकारको बुँदा नं. ८(ग) मा बाली तथा पशुधन बिमामा लाग्ने शुल्कमा ५०% अनुदान उपलब्ध गराउने भन्ने उल्लेख गरिएको छ, बुँदा नं ८(घ) मा बीमक कम्पनीहरूबाट बिमा लेख बमोजिम कृषकहरूलाई सहज रूपमा दाबी भुक्तानी उपलब्ध गराउन व्यवस्था मिलाउने भन्ने उल्लेख गरिएको छ।

- कृषि तथा पशुपन्छी बिमा निर्देशिका, २०७७ मा देशका सबै भौगोलिक क्षेत्रका जनतामा सेवा पुर्‍याउने उद्देश्यका साथ बुँदा नं. ३ को देहायको २ अनुसूची १ मा बिमा कम्पनीहरूलाई ३ देखि ५ जिल्लाहरू तोकी उक्त जिल्लाहरूमा सेवा गर्न अनिवार्य गरिएको छ भने अन्य जिल्लामा स्वैच्छिक गरिएको छ।

- यस निर्देशिकामा कृषि तथा पशुपन्छी बिमा गर्न कम्पनीहरू इच्छुक नहुने अवस्थालाई मध्यनजर गरी सेवा विस्तारमा केही बाध्यात्मक व्यवस्था गरिएको छ। बुँदा नं. ३ को देहाय ५ मा निर्जीवन बिमा कम्पनीहरूलाई कम्तीमा ५% कृषि तथा पशुपन्छी बिमा लेख बेच्न अनिवार्य गरिएको छ।

- यसैगरी बुँदा नं. ४५ को देहाय१ मा बाली बिमा गरिने जमिनको क्षेत्रफल पहाडमा कम्तीमा ४ आना र तराईमा कम्तीमा आधा कट्ठा तोकी साना कृषकलाई समेट्न कोसिस गरिएको छ; बुँदा नं. ४५ को देहाय २ मा आफ्नो नाउँमा लालपुर्जा नभएका र ऐलानी जमिन कमाएका कृषकहरूलाई समेट्ने गरी ऐलानी जमिनमा लगाइएको बालीलाई समेत बिमा गर्न सकिने व्यवस्था मिलाइएको छ।

- कृषि तथा पशुपन्छी बिमामा कृषकको पहुँच विस्तारका लागि बुँदा नं. ४८ को देहाय १)क( मा अनलाइनबाट बिमा लेख प्रस्ताव फारम भर्न सकिने तथा बुँदा नं. ४८ को देहाय१(ख) अनलाइनबाट बिमा लेख जारी गर्न सकिने व्यवस्था मिलाइएको छ।

- राष्ट्रिय कृषि नीति, २०६१ मा पशु बिमा विस्तार गरिनुका साथै पन्छी एवम् छानिएका बालीको बिउ र बढी मूल्य जाने कृषिवस्तुहरूको क्रमिक रूपमा बिमा गरिनेछ भन्ने थोरै विषय उठान गरेको पाइन्छ।

- कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ मा कृषि व्यवसाय प्रवर्द्धनका लागि कृषि उत्पादन क्षेत्रहरूमा सरकारी, गैरसरकारी एवम् निजी क्षेत्रको सहकार्यमा एकीकृत रूपमा गराउने विभिन्न सेवा र सुविधामध्ये कृषि बिमालाई लिइएको छ।

- दुग्ध विकास नीति, २०६४,पन्छीपालन नीति, २०६८ र पुष्प प्रवर्द्धन नीति, २०६९मा समेत बिमाको विषय समेटिएको छ।

- कृषि विकास रणनीति (२०१५-२०३५ ) मा कृषि बिमा कार्यक्रमलाई जोड दिएको छ। यस रणनीतिले नेपालको कृषि न्यून प्रतिस्पर्धी हुनुको धेरै कारणमध्ये एक कारण बिमामा पहुँच कम हुनुलाई मानेको छ। कृषि क्षेत्रको विद्यमान न्यून उत्पादकत्व सुधार गर्न, कृषि विकासका सम्भावना उजागर गर्न र यस क्षेत्रको नाफामूलक व्यावसायीकरणको लागि कृषि बिमालाई एक महत्वपूर्ण कारकको रूपमा लिइएको छ।

- बाली तथा पशुधन बिमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७० बमोजिम पहिलो वर्ष आ. व. २०७०/७१ मा बिमा कार्यक्रम सञ्चालन भएको थियो। उक्त वर्षमा बिमा शुल्कमा ५० प्रतिशत अनुदानको व्यवस्था गरिएको थियो। आ. व. २०७१/७२ को बजेट वक्तव्यमा पशुपन्छी तथा बाली बिमाको प्रिमियममा ७५ प्रतिशतसम्म अनुदान दिने व्यवस्था भएअनुसार नेपाल सरकारले बाली तथा पशुधन बिमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७० लाई संशोधन गरी बिमा प्रिमियमको ७५ प्रतिशत अनुदान दिने र बाँकी २५ प्रतिशत रकम मात्र कृषकले व्यहोर्ने व्यवस्था गरी आ.व. २०७७/७८ सम्म बाली तथा पशुपन्छी बिमा कार्यक्रम सञ्चालन भयो भने २०७८/७९ को प्रतिस्थापन गर्न बनेको विधेयकका सम्बन्धमा संघीय संसदमा प्रस्तुत वक्तव्यबाट बिमा प्रिमियममा ८० प्रतिशत अनुदान दिने व्यवस्था गरी चालु आ.व. मा बिमा कार्यक्रम सञ्चालन भई आएको छ।

- बाली तथा पशुपन्छी बिमा कार्यक्रम पहिलो आ. व. २०७०/७१मा १ हजार ७५८ बाली र पशुपन्छीको बिमा गराउने कृषक संख्या (बिमा लेखका आधारमा) बाट ६२ करोड ५४ लाख बराबरको बिमाङ्कको बिमा भएको थियो भने छैटौं आ. व. २०७५/७६ मा १ लाख १६ हजार ८५८ बिमा लेखवाट २२ अर्ब ९ करोड ४८ लाख बराबरको बिमा भएको छ। आ. व.२०७७/७८ मा जारी भएको १ लाख २९ हजार बिमा लेखलाई एक बिमा लेख एक कृषक परिवार भन्ने अनुमान र राष्ट्रिय कृषि गणना २०६८ अनुसार ३८ लाख ३१ हजार कृषक परिवारलाई आधार मान्दा बाली तथा पशुपन्छी बिमामा केवल करिब ३.३६ प्रतिशत मात्र कृषक परिवार समेटिएको देखिन्छ जसलाई सन्तोषजनक प्रगति मान्न सकिँदैन।

## २. समूह केन्द्रित छलफल (Focus Group Discussion) को नतिजा

बाली तथा पशुपन्छी बिमा कार्यक्रमको प्रभावकारिता तथा पहुँच विस्तारसम्बन्धी अध्ययन दाङ तथा कपिलवस्तु

जिल्लामा गरिएको थियो। कपिलवस्तु जिल्लाका विजयनगर गाउँपालिका र शिवराज नगरपालिका र दाङ जिल्लाका गढवा गाउँपालिका र राप्ती गाउँपालिकाका कृषकहरूमा सर्भेक्षण गरिएको थियो। कृषक सर्भेक्षणमा दाङ जिल्लाका ७१ र कपिलवस्तु जिल्लाबाट ७१ गरी जम्मा १४२ जना कृषकको सहभागिता थियो। सहभागिताको विस्तृत विवरण माथि तालिका २ मा समावेश गरिएको छ।

- कृषक सर्भेक्षणबाट प्राप्त नतिजाअनुसार ५ वर्षको अवधिमा बाली तथा पशुपन्छी नोक्सानी भएको पाइयो। यसैगरी, विभिन्न बालीवस्तुमा कृषकहरूले अनुभव गरेको जोखिम तहमा बालीमा जलवायुजन्य जोखिम धेरै देखिएको छ। यसमा धेरै वर्षालाई बालीमा बढी जोखिम तत्वको रूपमा लिइएको छ भने सुक्खा तथा उच्च न्यून तापक्रमलाई औसत जोखिम तत्वहरू मानिएको छ। अन्यलाई सामान्य जोखिम मानिएको छ,चित्र १।




**चित्र १. बालीमा जलवायुजन्य जोखिम तह विश्लेषण**

- यसैगरी कृषकहरूले बालीमा रोग किराजन्य जोखिमहरूमध्ये रोग किरा र जंगली जनावरबाट हुने जोखिमलाई औसत रूपमा उल्लेख गरेका छन्, चित्र २।




**चित्र २. बालीमा रोग किराजन्य जोखिम तह विश्लेषण**

- सर्भेक्षणबाट प्राप्त नतिजाअनुसार पशुतर्फको जोखिममा उच्च वर्षालाई औसत जोखिम औँल्याइएको छ भने अन्य जलवायुजन्यलाई सामान्य जोखिम मानिएको छ, चित्र ३। यसैगरी पन्छीतर्फ भने रोगलाई उच्च जोखिमको रूपमा कृषकहरूले लिने गरेको पाइएको छ, चित्र ४।




**चित्र ३. पशुमा जलवायुजन्य जोखिम तह विश्लेषण**




**चित्र ४. पन्छीमा रोग किराजन्य जोखिम तह विश्लेषण**

- सर्भेक्षणबाट प्राप्त नतिजाअनुसार जोखिम व्यवस्थापन विधिमा ४५% कृषकहरूले बालि/पशुपन्छी विविधता अपनाएको बताएका छन् भने ३०% कृषकले कृषि क्षेत्रमा रोजगारी गरेर तथा ४% कृषकहरूले गैरकृषि क्षेत्रमा लगानी गरेको बताएका छन् ।

- सर्भेक्षणमा सहभागी कृषकबाट प्राप्त जानकारीअनुसार बाली बिमा कार्यक्रममा कृषकहरूको सहभागिता नभएको पाइयो भने पशुहरूमा साना कृषकहरूको हकमा गाई, भैंसी र बंगुरमा सामान्य सहभागिता रहेको पाइएको छ । पन्छीतर्फ भने बिमा भएको पाइएन । यसैगरी, साना कृषकहरू, महिला, दलित र जनजातिहरू बाली तथा पशुपन्छी बिमा कार्यक्रममा न्यून संख्यामा सहभागी भएको पाइयो भने यौनिक तथा लैङ्गिक अल्पसंख्यक भने सहभागी नभएको जानकारी पाइयो ।

- पशुमा बिमा सन्तोषजनक रूपमा हुनु तर बालीमा बिमा नहुनुको मुख्य कारणहरूमा पशुमा लगानी बढी हुने र लगानीको सुरक्षा गर्न वा जोखिम व्यवस्थापन गर्न, बिमा कम्पनीले पशुमा पनि गाई र भैँसीलाई महत्व दिएकाले, बिमा गरेको बाख्रा मृत्यु भएमा क्षतिपूर्ति पाएको जानकारी भएकोले र बालीमा बिमासम्बन्धी जानकारी नभएकाले तथा बिमा कम्पनीले बालीबिमा गर्न नमानेकाले/नआएकोले भन्ने जानकारी पाइयो ।

- बाली बिमा गर्दा भोग्नु परेको कठिनाइका सम्बन्धमा कृषकले बाली बिमाका लागि बिमा कम्पनी तयार नै नभएको बताएका छन् भने पशुपन्छी बिमाका हकमा बिमाकर्ताहरू बिमा गर्नको लागि बोलाउँदा पनि नआउने, बिमाको प्रक्रिया र भुक्तानी प्रक्रिया दुवै झन्झटिलो भएको, नवीकरणका लागि धेरै ताकेता गर्दा पनि नआउने, सामान्यतया साना पशुको बिमा गर्न नमान्ने जानकारी प्राप्त भएको छ ।

- साना कृषक तथा सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू,

अल्पसख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत, मुस्लिम, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यले कृषि बिमा गर्दा भोग्नु परेको कठिनाइ सम्बन्धमा बाली बिमासम्बन्धी जानकारी नभएकोले बाली बिमा नगरेको, साना कृषक तथा पछाडि परेका वर्गको जमिनको क्षेत्रफल थोरै र पशुपन्छी थोरै हुने हुँदा बिमा कम्पनीले बिमा गर्न नमान्ने, गाउँस्तरमा बिमा कम्पनीका कर्मचारी नपुग्दा बिमाको पहुँचमा नपुगेको, पहुँचवाला ठूला कृषको उत्पादन बढी हुने हुँदा बिमा कम्पनीलाई मुनाफा पनि बढी हुने, साना कृषक तथा पछाडि परेका वर्गको कृषि बिमाप्रति पहुँच कम भएको भन्ने जानकारी प्राप्त भएको छ।

- बिमित कृषकले पशुपन्छी क्षति भएमा क्षतिपूर्ति लिँदा बेहोर्नु परेका कठिनाइमा कागजी प्रक्रिया झन्झटिलो, सर्जमिन मुचुल्का आवश्यक हुने, ५ वटा फोटो तथा १ मिनेटको भिडियो क्लिप पेश गर्नुपर्ने, क्षतिपूर्ति लिन जाँदा साना पशुको पाउने क्षतिपूर्तिभन्दा धाउँदा खर्च बढी खर्च हुने र सबै प्रक्रियाले गर्दा भुक्तानीमा ढिलाइ हुने भन्ने जानकारी पाइयो।

- कृषकले बाली तथा पशुपक्षीमा बिमा नगर्नुका कारणहरूमा ६१.१३% कृषकहरूले बाली तथा पशुपन्छी बिमाबारे जानकारी नभएर भन्ने जानकारी दिए भने १९.२५% ले बिमा गर्ने प्रक्रियाबारे जानकारी नभएर, १३.२५ % ले बाली तथा पशुपन्छी बिमाको क्षतिपूर्ति पाउने प्रकिया लामो र झन्झटिलो भएर, ५.८७% ले उत्पादन लागत मात्र बेहोर्ने भएको जानकारी दिएका थिए।

- बाली तथा पशुपन्छी बिमा कार्यक्रमबाट सन्तुष्टिका बारेमा लिइएको जानकारीमा कृषकहरूबाट प्राप्त जानकारीअनुसार धेरै सहभागी असन्तुष्ट देखियो भने सन्तुष्ट छु भन्ने निकै कम पाइयो।

- बाली तथा पशुपन्छी बिमा कार्यक्रम प्रभावकारी बनाउन आवश्यक नीतिगत र कानुनी सुधारका लागि मागिएको सुझावहरूमा कृषकहरूबाट प्राप्त जानकारीअनुसार बिमा गर्दा अपनाउनुपर्ने प्रक्रिया सरल र सहज बनाउनुपर्ने, कागजी प्रक्रिया सजिलो बनाउनुपर्ने, बिमा कम्पनीबाट भुक्तानी समयमा नै उपलब्ध गराउने व्यवस्था हुनुपर्ने, बिमासम्बन्धी भएका नीति कार्यन्वयनमा जोड दिनुपर्ने, बाली तथा पशु बिमा गर्न नमान्ने कम्पनीहरूलाई अनुगमन गरी कारबाही गर्ने कानुनी व्यवस्था हुनुपर्ने र बनेका नीति तथा नियमको बारेमा सबै कृषकलाई पनि जानकारी हुने गरी जनचेतना जगाउने व्यवस्था हुनुपर्ने भन्ने जानकारी प्राप्त भएको थियो।

- यसैगरी बाली तथा पशुपन्छी बिमा कार्यक्रममा कृषकको पहुँच विस्तार गर्ने विषयमा कृषकहरूबाट मागिएको सुझावमा बिमासम्बन्धी विषयमा किसानहरूसँग छलफल गर्ने र क्षतिपूर्ति पाएका किसानका बारेमा जानकारी गराउने, बिमासम्बन्धी सचेतनामूलक कार्यक्रम गर्ने, प्रिमियममा अनुदान बढाएर ९० प्रतिशत पुर्‍याउनुपर्ने, क्षतिपूर्ति पाउन हालको झन्झटिलो प्रक्रिया सहज बनाउनुपर्ने, बिमा कम्पनीका अभिकर्ताहरू गाउँ केन्द्रित हुनुपर्ने, स्थानीय सरकार तथा सरोकारवाला निकाय जिम्मेवार बन्ने खालका कार्यक्रम ल्याउनुपर्ने भन्ने जानकारी पाइएको थियो।

- कृषकहरूबाट प्राप्त जानकारीअनुसार बाली तथा पशुपन्छी बिमा कार्यक्रम प्रभावकारी नहुनुमा फिल्ड तहमा देखिएका समस्यामा बिमा अभिकर्ताले टोलटोलमा किसानहरूलाई जानकारी नगराएको, किसान आफैं बिमा गर्न सक्रिय नभएको, स्थानीय तहमा बिमाबारे सचेतना कार्यक्रम नभएको, बिमा कम्पनी सहर केन्द्रित तथा बिमा कम्पनीमा आवश्यक मात्रामा कर्मचारीहरू नभएको, पशुहरूमा बिमापूर्व पिपिआर भ्याक्सिन अनिवार्य भएकोमा

उक्त भ्याक्सिनको समयमा उपलब्धताको सुनिश्चितता हुने नगरेको भन्ने जानकारी प्राप्त भएको थियो।

- बाली तथा पशुपन्छी बिमा कार्यक्रम प्रभावकारी बनाउन फिल्ड तहमा के कस्ता प्रक्रियागत सुधार आवश्यक देख्नुहुन्छ भन्ने जिज्ञासामा कृषकहरूले सबैभन्दा पहिले बिमाको फाइदाहरूबारे किसानसँग छलफल गरिनुपर्ने, बिमासम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनुपर्ने, बिमा प्रक्रिया सरल र सहज बनाउने तथा प्रिमियमबारे जानकारी गराइनुपर्ने, किसानहरू आकर्षित हुने खालका कर्यक्रम ल्याउनुपर्ने, पिपिआर भ्याक्सिन समयमा ल्याइनुपर्ने, एक स्थानीय तह एक बिमा कार्यालयको व्यवस्था गर्नुपर्ने, बिमा कम्पनीमा हुने कर्मचारीहरूको कमीको समस्यामा सुधार गरिनुपर्ने भन्ने सुझावहरू प्राप्त भएका थिए।

## ३. मुख्य सूचनादाता अन्तर्वार्ता (Key Informant Interview ) को नतिजा

स्थानीयस्तर, जिल्लास्तर, प्रदेशस्तर र संघीयस्तरमा बाली तथा पशुपन्छी बिमा कार्यक्रम सञ्चालनमा भूमिका रहने निकायका प्रमुख तथा प्रतिनिधिहरूलाई प्रमुख सूचनादाताको रूपमा मानी जानकारी लिइएको थियो। यसमा कपिलवस्तु जिल्लाबाट १० दाङ जिल्लाबाट ७ प्रदेशबाट १ जना र संघबाट ४ गरी जम्मा २२ जना सरोकारवाला निकायका प्रतिनिधि सहभागी भएका थिए।

- नेपालमा कृषकहरूले बाली जोखिम व्यवस्थापन गर्नका लागि मलखाद व्यवस्थापन, रोग किरा तथा झारपात व्यवस्थापन, उन्नत खेती प्रविधि, सिञ्चाइ व्यवस्थापन, प्लाष्टिक टनेलमा खेती र प्लाष्टिक तथा अन्य मल्चिङ्ग विधिहरू अपनाएका तथा थोरै कृषकले तरकारी र फलफूलमा बिमा गरेको भन्ने जानकारी प्राप्त भएको छ। यसैगरी, पशुपन्छी जोखिम व्यवस्थापनका लागि बार बन्देज लगाउने, उन्नत प्रविधि जस्तै आधुनिक गोठ निर्माण, रोग किराको उपचार, नियमित भ्याक्सिनेसन, उचित आहारा व्यवस्थापन र पशुपन्छी बिमा गर्ने गरेको भन्ने जानकारी प्राप्त भएको छ।

- राष्ट्रियस्तरमा तथा जिल्लास्तरमा उपलब्ध बाली तथा पशुपन्छी बिमासम्बन्धी कार्यक्रमहरूका बारेमा लिइएको जानकारीमा राष्ट्रियस्तरमा उत्पादन लागत तथा उत्पादनका आधारमा बिमा कार्यक्रम र मौसम सूचकाङ्कका आधारमा बाली बिमा कार्यक्रमहरू, बिमा लेख तयारी तथा संशोधन, निर्देशिका संशोधन र प्रिमियममा अनुदान जस्ता कार्यक्रमहरू रहेको भन्ने जानकारी प्राप्त भएको थियो भने प्रदेश तथा जिल्लास्तरमा बिमा अभिमुखीकरण, अभिकर्ता तथा क्षति मूल्याङ्कनकर्ता तालिम, शिवराज नगरपालिकार विजय नगर गाउँपालिका कपिलवस्तुले बिमामा ५०% अनुदान थप गर्ने कार्यक्रम राखेको र केही सहकारी संस्थाले पनि बिमा कार्यक्रम सञ्चालन गरेको भन्ने जानकारी पाइएको थियो।

- बाली तथा पशुपन्छी बिमा कार्यक्रमबारे कृषकहरूलाई जानकारीको अवस्थाबारे सोधिएको जिज्ञासामा बाली बिमातर्फ ठूला तथा मध्यम कृषकहरू जानकार रहेको तथा साना कृषक कम जानकार रहेको भन्ने जानकारी पाइयो भने पशुपन्छी बिमा कार्यक्रमतर्फ भने कृषकहरू बढी जानकार रहेको, समग्रमा बालीमा २५% तथा पशुपन्छीमा करिब ७५% कृषकलाई जानकारी रहेको भन्ने जानकारी पाइयो। कपिलवस्तु जिल्लाबाट पशुपन्छी विकासका कार्यक्रममा बिमा अनिवार्य गरिएको र कार्यक्रमबारे एफएम रेडियोबाट जानकारी दिइएको छ।

- सम्बन्धित सरोकारवाला निकायहरूले बाली तथा पशुपन्छी बिमा कार्यक्रमबारे कृषकहरूलाई जानकारी दिन

अपनाइएका विधिहरूमा सचेतना तथा अभिमुखीकरण कार्यक्रम, बुकलेट प्रकाशन, एफ.एम. रेडियोबाट विज्ञापन, तालिम तथा गोष्ठी जस्ता कार्यक्रमहरू रहेको पाइयो भने बाली तथा पशुपन्छी बिमा कार्यक्रमका बारेमा दिइएको जानकारीहरू व्यावसायिक ठूला तथा मध्यम कृषकहरूसम्म केही पुगेको भए तापनि साना कृषकमा कम पुगेको तथा बिमा गर्ने प्रक्रियाबारे कम जानकारी रहेको भन्ने जानकारी प्राप्त भएको थियो।

- बाली तथा पशुपन्छी बिमा कार्यक्रमका लागि सरकारबाट उपलब्ध सेवाको पहुँचका बारेमा कृषकहरूलाई जानकारी भए नभएको बारेमा राखिएको जिज्ञासामा बिमा प्रिमियममा सरकारले अनुदान दिन्छ भन्ने विषयमा व्यावसायिक कृषकहरूलाई जानकारी रहेको भए तापनि सामान्य कृषकहरू यस विषयमा कम जानकार रहेको तर विगत वर्षहरूको तुलनामा जानकारी पाउने कृषकहरू बढ्ने क्रम रहेको भन्ने जानकारी पाइयो।

- बाली तथा पशुपन्छी बिमा कार्यक्रमहरू सबै लक्षित समूहमा पँहुच विस्तारका लागि सरकारी प्रयासहरूमा धेरै बाली तथा पशुपन्छीहरूको बिमा लेख तयार गरी बिमा कार्यक्रममा समेटिएको, सबैमा बिमामा लाग्ने शुल्कमा अनुदान दिइएको, कृषकको मागअनुसार बिमा लेख जारी गरिएको तथा धेरै संख्यमा अभिकर्तालाई तालिम दिइएको भन्ने जानकारी पाइयो।

- महिला, पुरुष, दलित, गरिब, जनजाति, पछाडि परेका समुदाय, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति,बाहुन क्षेत्री जस्ता समूहमा वर्गीकरण गरेर हेर्दा कुन वर्गमा बाली तथा पशुपन्छी बिमा कार्यक्रमको पहुँच राम्रो देख्नुहुन्छ भन्ने जिज्ञासामा साधरणतया बाहुन क्षेत्रीको पहुँच राम्रो छ। कपिलवस्तु जिल्लामा महिलाको नाउँमा फर्म दर्ता गर्ने प्रचलनले गर्दा कागजी रूपमा महिलाहरू केही मात्रामा बिमा कार्यक्रममा सहभागी भएको पाइएको भन्ने जानकारी प्राप्त भएको छ। प्राप्त जानकारीका आधारमा कुन समुदायका महिलामा यस्तो प्रचलन बढेको छ भन्ने यकिन गर्न भने सकिएन।

- समग्रमा भन्दा बाली तथा पशुपन्छी बिमा कार्यक्रममा बालीमा धेरै कम तथा पशुपन्छीमा केही बढी सहभागिता देखिन्छ तर सन्तोष मान्ने अवस्था नरहेको भन्ने जानकारी प्राप्त भएको छ। पछाडि परेका वर्ग, महिला, दलित, गरिब, जनजाति, सीमान्तकृत, लोपोन्मुख, पछाडि परेका समुदाय, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति बाली तथा पशुपन्छी बिमा कार्यक्रममा सहभागिता तुलनात्मक रूपमा धेरै कम देखिएको छ।

- कृषकहरूको बाली तथा पशुपन्छी बिमा कार्यक्रममा अपेक्षाभन्दा कम सहभागिता हुनमा कृषकहरूमा अज्ञानता वा साक्षरताको कमी, बिमाको महत्वबारे कम जानकारी हुनु, सचेतनाको कमी हुनु तथा गाउँ-गाउँसम्म सूचना नपुग्नु, बिमा गर्ने प्रक्रिया झन्झटिलो र प्रक्रियामुखी हुनु तथा कतिबेला तथा कहाँ बिमा गर्ने भन्नेबारे थाहा नहुनु, अभिकर्ता परिचालनमा कमी, क्षतिपूर्ति पाइन्छ भन्नेमा विश्वासको कमी, क्षतिपूर्ति लिन धेरैपटक बिमा अफिस धाउनुपर्ने भएकोले यातायात खर्च बढी भई बिमाप्रति आकर्षण कमी, बिमा कम्पनीमा प्राविधिक कर्मचारीको कमी तथा सक्रियतामा कमी, कृषकसँग समयमा पैसा नहुनु र जग्गावालहरू सहरमा बस्ने तथा बिमा गर्न चाहना नराख्ने जस्ता कारणहरू उल्लेख गरिएको छ।

- पछाडि परेका वर्ग महिला, दलित, गरीब, जनजाति, सीमान्तकृत, लोपोन्मुख, पछाडि परेका समुदाय, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्तिको बाली तथा पशुपन्छी बिमा कार्यक्रममा सहभागिता झनै कम हुनुका अन्तरनिहित कारणहरूमा यी वर्गका कृषकमा सामान्यतया ज्ञानको कमी, शक्तिकरणको कमी, सचेतनाको कमी, आर्थिक हिसाबले पिछडिएका, व्यावसायिक बाली तथा पशुपालनमा कमी र बिमा कार्यक्रममा

विश्वासको कमी भन्ने जानकारी पाइयो ।

- बाली तथा पशुपन्छी बिमा कार्यक्रममा कृषकको पहुँच तथा विद्यमान ऐन, नियमावली, निर्देशिकामा गरिनुपर्ने सुधारमा बिमा कम्पनीलाई कानुनी रूपमै जिम्मेवार बनाउन आवश्यक देखिन्छ, बिमा प्रक्रिया सरल बनाउनुपर्ने, सबै वर्गको पँहुच विस्तार हुने गरिबीमा लेख निर्माण हुनुपर्ने, क्षतिपूर्तिको मागको लागि ५ मिनेटको भिडियो बनाउनुपर्ने व्यवस्था कृषकका लागि ठूलो समस्या महसुस गरिएकोले सरलीकृत गरिनुपर्ने, स्थानीय सरकारलाई बढी जिम्मेवार बनाउनुपर्ने बिमा कम्पनीहरू स्थानीय सरकारको र संघीय सरकारको जिल्लास्थित निकायको नियमनमा वा प्रगति बुझाउने गरी व्यवस्था गरिनुपर्ने साथै जनचेतना वृद्धिका कार्यक्रम अनिवार्य गरिनुपर्ने व्यवस्था हुनुपर्ने भन्ने जानकारी पाइएको छ ।

- बाली तथा पशुपन्छी बिमा कार्यक्रममा पछाडि परेका वर्ग महिला, पुरुष, दलित, गरिब, जनजाति, सीमान्तकृत, लोपोन्मुख, पछाडि परेका समुदाय, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्तिको चाहना पहुँच, चाहना तथा सहभागिता विस्तारका लागि विद्यमान ऐन, नियमावली, निर्देशिकामा गर्नुपर्ने सुधारमा पछाडि परेका वर्गलाई सबैभन्दा पहिला व्यावसायिक बनाउने कार्यक्रम ल्याउनुपर्‍यो अनि बिमामा सहभागितामा जोड दिनुपर्‍यो, पछाडि परेका वर्गको सहभागिता विस्तारका लागि अनुदानमा १००% हुनुपर्ने, बिमा प्रक्रिया सरल बनाउनुपर्ने, लक्षित वर्गको सहभागिताको लक्ष्य तोकिनुपर्ने भन्ने जानकारी प्राप्त भएको छ ।

- बाली तथा पशुपन्छी बिमाको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न तहका सरकार तथा सरोकारवाला निकायको भूमिकाबारे जानकारी लिइएको थियो । संघीय सरकारको भूमिकामा छिमेकी मुलुक भारत तथा मंगोलिया संयुक्त राज्य अमेरिका र युरोपियन मुलुकका सफल अनुभवबाट सिकेर कृषि बिमाका राम्रो नीति ल्याउनुपर्ने, अनुदानको व्यवस्था राम्रो हुनुपर्ने, बिमा कम्पनीका कार्य प्रगतिबिमा समिति तथा संघीय सरकारबाट राम्ररी अनुगमन हुने व्यवस्था हुनुपर्‍यो । यसैगरी, प्रदेश सरकारको भूमिकामा प्रचार प्रसार, अन्तरक्रिया र जनचेतना वृद्धिमा जोड दिनुपर्‍यो, प्रदेशस्तरमा फोकल व्यक्तिको व्यवस्था हुनुपर्ने प्रदेशस्तरमा बिमा कम्पनीसँग समन्वय तथा प्रदेशको आवश्यकताअनुसार कृषि बिमा नीति बनाउने व्यवस्था हुनुपर्ने । यसैगरी स्थानीय सरकारको भूमिकामा बिमा कार्यक्रम सहजीकरणका लागि स्थानीयस्तरमा बिमा सहायता कक्ष स्थापना तथा सञ्चालन र प्रचारप्रसार, अन्तरक्रिया र जनचेतना वृद्धि र तालिम कार्यक्रम सञ्चालन, स्थानीय तहमा बिमा कम्पनीलाई लक्ष्य पूरा गर्न सम्झौता (MoU) गर्ने र बिमा कम्पनीहरूबाट नियमित प्रगति माग्ने/बुझाउने तथा समस्या समाधानमा समन्वयकारी भूमिका हुनुपर्ने ।

- बिमा कार्यक्रम प्रभावकारी बनाउन बिमा कम्पनीहरूको महत्वपूर्ण भूमिका हुनुपर्ने देखिन्छ । यिनीहरूको आवश्यक भूमिकामा समयमा दाबी भुक्तानी गरेर कृषकहरूमाझ कम्पनीले विश्वास आर्जन गर्नुपर्ने, कृषि बिमा कार्यक्रमलाई नाफामुखी क्षेत्रभन्दा पनि सामाजिक उत्तरदायित्व (Social Corporate Responsibility)को रूपमा लिई काम गर्नुपर्ने, सरकारी निकाय र कम्पनीबीच समन्वयमा जोड दिनुपर्ने, बिमा अभिकर्ता बढीभन्दा बढी परिचालन (Mobilize)गर्ने गराउने, बिमा कम्पनीका शाखाहरूलाई कृषि बिमाको लक्ष्य तोकिनुपर्ने, बिमा कम्पनीहरू स्थानीय सरकार तथा संघीय सरकारको जिल्लास्थित निकायमा प्रगति नियमित बुझाउने जस्ता कार्यहरू महत्वपूर्ण हुने सुझाव पाइएको थियो ।

- बिमा कार्यक्रम प्रभावकारी बनाउन कृषकको भूमिका र दायित्व महत्वपूर्ण मानिन्छ । कृषकले बिमा कार्यक्रम, प्रक्रिया र यसबाट हुने रक्षावरणबारे जानकारी हासिल गरी प्रक्रियबारे बुझ्ने बुझाउने, झुठा विवरण पेश नगर्ने र

नगराउने तथा समुदायमा प्रचारप्रसार गर्ने गराउने भूमिका हुने बताइएको छ । यसैगरी कृषक समूह तथा कृषक अधिकारको क्षेत्रमा क्रियाशील संघ संस्थाहरूको भूमिकामा सही र तथ्यगत जानकारी दिने, प्रचारप्रसार, अन्तरक्रिया र जनचेतना वृद्धिमा जोड दिने, कृषि बिमाका समस्याका बारेमा पैरवी गर्ने तथा कृषकलाई बिमामा सहभागी हुन उत्प्रेरित गर्ने जस्ता कार्यहरू महत्वपूर्ण मानिएको छ । अन्य सरोकारवाला निकायहरूको भूमिकामा समन्वयकारी भूमिका तथा कार्यन्वयनमा सहजीकरण हुने जानकारी अध्ययनबाट देखिएको छ ।

- बाली तथा पशुपन्छी बिमा कार्यक्रमबाट लाभान्वित कृषकहरू निकै थोरै पाइएको छ । आव २०७७/७८ सम्ममा१,९३,७५५ जनाले बिमा गरेकोमा ११%ले दाबी भुक्तानी पाएको बताइएको छ, त्यसमध्ये पशुपन्छीमा १०%र बालीमा १% ले दाबी भुक्तानी पाएको अध्ययनबाट देखिएको छ ।

## अध्ययनको निष्कर्ष

- बिमा ऐन, २०४९ र बिमा नियमावली, २०४९मा बाली तथा पशुपन्छी बिमा कार्यक्रम र उक्त कार्यक्रमको प्रभावकारिता तथा पहुँच विस्तारसम्वन्धी विषय उल्लेख गरेको पाइएन । यस कार्यक्रम कृषि तथा पशुपन्छी बिमा निर्देशिका, २०७७ मा टेकेर सञ्चालनमा रहेको पाइएको छ । बिमा प्रिमियममा अनुदान उपलब्ध गराउनका लागि बाली तथा पशुधन बिमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७० मा भएको व्यवस्थाअनुसार सञ्चालनमा रहेको पाइयो । ऐन तथा नियमावलीमा बाली तथा पशुपन्छी बिमा कार्यक्रम उल्लेख भएको नदेखिएको हुँदा बाली तथा पशुपन्छी बिमा कार्यक्रम कानुनी हिसाबबाट कमजोर धरातलमा कार्यान्वयनमा रहेको देखिन्छ ।

- कृषक सर्भेक्षणबाट प्राप्त नतिजाअनुसार ठूलो जोखिमको रूपमा बालीमा धेरै वर्षा र पन्छीमा रोगलाई लिइएको पाइयो भने औसत जोखिमको रूपमा बालीमा सुक्खा/खडेरी, उच्च/न्यून तापक्रम, रोग, किरा र जंगली जनावर र पशुमा धेरै वर्षालाई मात्र लिएको पाइएकोले कृषकहरूले बाली तथा पशुपन्छीमा ठूलो जोखिमको मूल्याङ्कन नगरेको देखिन्छ । बाली तथा पशुपन्छी बिमामा कृषकहरू उत्साही नहुनाको प्रमुख कारण बाली तथा पशुपन्छीमा उत्पादनमा ठूलो जोखिम नदेखेर भएको हुन सक्ने देखिन्छ ।

- सर्भेक्षण गरिएका दुवै जिल्लाका बालीमा बिमा नभएको भन्ने नतिजा प्राप्त भएको छ भने पशुतर्फ गाई, भैँसी र बंगुरमा बिमा सामान्य रूपमा भएको पाइएको छ ।

- बाली तथा पशुपन्छी बिमा कार्यक्रमका बारेमा ठूला तथा मध्यम कृषकहरू जानकार रहेको तथा साना कृषक कम जानकार रहेको देखिन्छ भने पशुपन्छी बिमा कार्यक्रमतर्फ भने कृषकहरू बढी जानकार रहेको देखिन्छ । साना तथा पछाडि परेका वर्गहरूले बिमाबाट कम लाभ लिएको र बिमाबारे कम जानकार रहेको देखिन्छ । कृषकलाई बिमा कार्यक्रमका बारेमा जानकारी तथा पहुँच विस्तार गर्न सरकारीस्तरबाट तथा बिमा कम्पनीबाट यथेष्ट पहल भएको पाइएन ।

- बाली तथा पशुपन्छी बिमा कार्यक्रममा अपेक्षाभन्दा कम सहभागिता हुनमा कृषकहरूमा अज्ञानता वा साक्षरताको

कमी, बिमाको महत्वबारे कम जानकारी हुनु, सचेतनाको कमी हुनु तथा गाउँ-गाउँसम्म सूचना नपुग्नु, बिमा गर्ने प्रक्रिया जटिल हुनु तथा कतिबेला तथा कहाँ बिमा गर्ने भन्नेबारे थाहा नहुनु, अभिकर्ता परिचालनमा कमी, क्षतिपूर्ति पाइन्छ भन्नेमा विश्वासको कमी, क्षतिपूर्ति लिन धैरैपटक बिमा अफिस धाउनुपर्ने भएकोले यातायात खर्च बढी भई बिमाप्रति आकर्षण कमी, पछाडि परेका वर्गको सहभागिता झनै कम हुनुका अन्तरनिहित कारणहरूमा यी वर्गका कृषकमा सामान्यतया ज्ञानको कमी, शक्तिकरणको कमी, सचेतनाको कमी, आर्थिक हिसाबले पिछडिएका, व्यावसायिक बाली तथा पशुपालनमा कमी र बिमा कार्यक्रममा विश्वासको कमी पाइएको छ।

- बिमा कार्यक्रममा पछाडि परेका वर्गको पहुँच, तथा सहभागिता विस्तारका लागि उक्त वर्गलाई कृषि तथा पशु व्यवसायतर्फ आकर्षित गर्ने, सहभागिता विस्तारका लागि अनुदानमा १००% बनाउने, बिमा प्रक्रिया सरल बनाउने, लक्षित वर्गको सहभागिताको लक्ष्य तोक्ने जस्ता विषयमा विद्यमान ऐन, नियमावली, निर्देशिकामा सुधार गर्नुपर्ने देखिन्छ।

- बिमा कार्यक्रमलाई प्रभावकारी बनाउन संघीय सरकारको भूमिकामा मुख्य रूपमा विद्यमान ऐन, नियमावली, निर्देशिकामा सुधार गर्नुपर्ने देखिन्छ, प्रदेश सरकारले समन्वय तथा सहजीकरण गर्नुपर्ने र स्थानीय सरकारले प्रचारप्रसार तालिम कार्यक्रम गरी जनचेतना वृद्धि गर्नुपर्ने देखिन्छ। बिमा कम्पनीको मुख्य भूमिकामा समयमा दाबी भुक्तानी गरी विश्वास आर्जन गर्नुपर्ने, सरकारी निकाय र कम्पनीबीच समन्वयमा जोड दिनुपर्ने हुन्छ भने कृषक तथा कृषक समूहले प्रक्रियाबारे बुझ्ने बुझाउने, झुठा विवरण पेश नगर्ने जस्ता विषय मुख्य गरी सुझावको रूपमा उल्लेख गरिएका छन्। साथै कृषक समूह तथा कृषकको अधिकारका क्षेत्रमा क्रियाशील संस्थाले कृषकका क्षमता अभिवृद्धिका साथै सेवा सुविधा पहुँच विस्तारमा सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासि जनजाति, मधेशी, थारू, अल्पसख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत, मुस्लिम, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरीक तथा आर्थिक रूपले विपन्न वर्गलाई जोड दिनुपर्ने देखिन्छ।

- सर्भेक्षणबाट प्राप्त जानकारीअनुसार कपिलवस्तु जिल्लाका शिवराज नगरपालिका तथा विजय नगर गाउँ पालिकाले बाली तथा पशुपन्छी बिमा प्रिमियममा ५०% अनुदान थप गर्ने कार्यक्रम राखिएको देखिन्छ। यस्ता कार्यक्रम अन्य स्थानीय तहबाट पनि सञ्चालन भएमा बिमा कार्यक्रम विस्तारमा सहयोग पुग्ने देखिन्छ।

## अध्ययनको सिफारिस

यस अध्ययनबाट प्राप्त नतिजाका आधारमा बाली तथा पशुपन्छी बिमा कार्यक्रमको पहुँच तथा प्रभावकारिता विस्तारका लागि तीन तहका सरकार तथा अन्य सरोकारवालाहरूको भूमिका निम्नानुसार हुन आवश्यक देखिन्छ।

### ➢ स्थानीय सरकारको भूमिका

- स्थानीयस्तरका बिमा कम्पनीका शाखाहरू आफ्ना निकायप्रति मात्र जिम्वेवार भई जिल्लास्तर तथा

स्थानीयस्तरका सरोकारवाला निकायसँग समन्वय नगर्ने तथा बिमा गर्नको लागि अनुरोध गर्दा पनि नआउने र बिमा भुक्तानी प्रकियालाई जटिल बनाई भुक्तानीमा ढिलाइ गर्ने गरेको भन्ने सर्भेक्षणबाट देखिएको छ । यस समस्यालाई समाधानका लागि प्रत्येक स्थानीय तहमा बाली तथा पशुपन्छी बिमा फोकल डेस्क स्थापना गरी कर्मचारीको व्यवस्था गरिनु पर्दछ । यस डेस्कलाई स्थानीय तहमा बिमा कार्यक्रमको समन्वय र सहजीकरण गर्ने तथा बिमा कम्पनीका शाखाहरूको कामको नियमन/अनुगमनको व्यवस्था कार्यविधिमा नै जिम्मेवारी तोकिनु पर्दछ । यसैगरी बिमा कम्पनीहरूलाई स्थानीय तहलाई बाली तथा पशुपन्छी बिमा कार्यक्रमको प्रगति नियमित पेश गर्ने र सो को समीक्षा हुने व्यवस्था गरिनु पर्दछ ।

- बाली तथा पशुपन्छी बिमा कार्यक्रम समग्रमा कम विस्तार तथा कम सहभागिता देखिएकोमा प्रचारप्रसारको कमीलाई प्रमुख कारण भनि औँल्याइएको छ । तसर्थ स्थानीय तहहरूलाई सचेतना, प्रचार प्रसारको भूमिका दिने गरी कार्यविधिमा व्यवस्था भएमा स्थानीय तह पनि यस कार्यक्रममा जिम्मेवार हुने देखिन्छ ।

- स्थानीय तहभित्र कृषकहरूमा समान अवसर प्रदान गरिए पनि पछाडि परेका वर्ग सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासि जनजाति, मधेसी, थारू, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत, मुस्लिम, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न वर्गलाई पहुँच तथा सहभागिता विस्तारमा शक्तिकरणको, सचेतना, व्यावसायिक बाली तथा पशुपालन विशेष कार्यक्रम सञ्चालनमा जोड दिनु पर्दछ ।

- स्थानीय तहले बिमा गरेका कृषक, दाबी भुक्तानी माग गरेका र दाबी पाएका कृषकहरूको रोष्टर तयार गरी उनीहरूको उदाहरणबाट अन्य कृषकहरूलाई उत्प्रेरणा जगाउन भूमिका खेल्ने काम गर्नुपर्ने देखिन्छ ।

- स्थानीय तहमा रहेका बाली तथा पशुपन्छी बिमा अभिकर्ताहरूको रोष्टर तयार गरी तिनीहरूले काम गरिरहेको वा नगरेको विषयमा अनुगमन गरी कृषि विभाग, पशुसेवा विभाग, बिमा समिति र बिमा कम्पनीहरूलाई जानकारी गराउने ।

## ➢ प्रदेश सरकारको भूमिका

- बाली तथा पशुपन्छी बिमा कार्यक्रममा प्रदेश सरकारको भूमिका गौण देखिएको छ । प्रदेशस्तरमा सञ्चालन भएका बाली तथा पशुपन्छी बिमा कार्यक्रमको समन्वय, सहजीकरण र आवश्यकताअनुसार सचेतनाका कार्यक्रम सञ्चालनका लागि प्रदेश मन्त्रालयस्तरमा बाली तथा पशुपन्छी बिमा कार्यक्रमको समन्वय शाखा स्थापना गरी प्रदेशभरि बिमा कार्यक्रमको समन्वय र सहजीकरणको जिम्मेवारी तोकिनु पर्दछ ।

- प्रदेश सरकारले तोकेका प्राथमिकता प्राप्त बाली तथा पशुपन्छीहरूको व्यावसायिक उत्पादनमा बिमा कार्यक्रम अनिवार्य गर्न प्रदेश सरकारको भूमिका रहनु पर्दछ ।

- प्रदेश सरकारले प्रदेशस्तरमा बाली तथा पशुपन्छी बिमाप्रचार प्रसार तथा प्रवर्द्धनका कार्यक्रम सञ्चालन

गर्नका लागि जिम्मेवार बनाइनु पर्दछ।

- यसैगरी बिमा कम्पनीहरूले प्रदेश कृषि क्षेत्र हेर्ने मन्त्रालयलाई बाली तथा पशुपन्छी बिमा कार्यक्रमको प्रगति नियमित पेश गर्ने र सो को समीक्षा हुने व्यवस्था गरिनु पर्दछ।

## ➢ संघीय सरकारको भूमिका

- बाली तथा पशुपन्छी बिमा कार्यक्रम नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट बक्तव्यमा उल्लेख गरिएको प्राथमिकता प्राप्त कार्यक्रम हो। हाम्रो जस्तो करिब ६०% जनता कृषि पेशामा आश्रित देशमा धेरै कृषकलाई समेट्ने गरी सञ्चालन गरिएको यस कार्यक्रम कृषि तथा पशुपन्छी विकास मन्त्रालयको एक महत्वपूर्ण र बृहत् कार्यक्रम मानिएको छ। प्राथमिकता प्राप्त कार्यक्रम भएकै कारण नेपाल सरकारले वार्षिक करिब ८० करोड रुपैयाँ बिमा प्रिमियम अनुदानमा लगानी गरेको छ। हालसम्म यस कार्यक्रममा कृषकहरूको सहभागिता न्यून देखिए तापनि सहभागिता बढाउनको लागि नेपाल सरकार लागिरहेको अवस्था देखिन्छ। यति ठूलो महत्व बोकेको र बृहत् बाली तथा पशुपन्छी बिमा कार्यक्रम नेपाल सरकार मन्त्रिपरिषद्बाट जारी भएको कृषि तथा पशुपन्छी बिमा निर्देशिका, २०७७ बाट सञ्चालित छ। कृषकको सहभागिता बढ्दै जाँदा बाली तथा पशुपन्छी व्यवसाय विस्तारसँगै यससम्बन्धी कानुनी समस्या आउन सक्ने अनुमान गर्न सकिन्छ। तसर्थ यस कार्यक्रममा भविष्यमा देखिन सक्ने कानुनी जटिलतालाई मध्यनजर गर्दा तत्काल छुट्टै कृषि तथा पशुपन्छी बिमा ऐन र नियमावली बनाई कृषि तथा पशुपन्छी बिमा कार्यक्रम सञ्चालन हुनुपर्ने देखिन्छ।

- बाली तथा पशुपन्छी बिमा कार्यक्रम नेपाल सरकारको विशेष महत्वको कार्यक्रम तथा ठूलो लगानी हुँदा हुँदै पनि कृषकको सहभागिता ज्यादै न्यून रहेकोमा प्रचारप्रसार तथा जनचेतनाको कमीलाई मुख्य कारण हो भन्ने जानकारी अध्ययनबाट देखिएको हुँदा नेपाल सरकारबाट हुने लगानीमा निश्चित हिस्सा प्रचारप्रसार, जनचेतना, कृषकको क्षमता अभिवृद्धि, कृषि तथा पशु क्षेत्रमा प्रोत्साहनका लागि छुट्याउनुपर्ने र उक्त कार्यक्रम सञ्चालनको लागि छुट्टै कार्यक्रम बनाई लागू गरिनुपर्ने। साथै नेपाल सरकारले प्रदेश सरकारहरूलाई बिमा कार्यक्रमको प्रचारप्रसार तथा जनचेतना वृद्धिको लागि समन्वय गर्नुपर्ने देखिन्छ।

- कृषक तथा जानकार व्यक्तिहरूले बाली तथा पशुपन्छी बिमा कार्यक्रममा कृषकको सहभागिता ज्यादै न्यून हुनुमा एउटा मुख्य कारण बिमा गर्ने तथा भुक्तानी प्रक्रिया ज्यादै झन्झटिलो भन्ने उल्लेख भएको छ। किटेरै उल्लेख भएकोमा धेरै कागजात पेश गर्नुपर्ने, सर्जमिन मुचुल्का उठाउनुपर्ने,१ मिनेटको भिडियो तथा ५ वटा फोटोहरू पेश गर्नुपर्ने र भुक्तानीका लागि धेरैपटक बिमा कार्यालय धाउनुपर्नाको कारणबाट कृषकहरू आकर्षित हुन नसकेको भन्ने उल्लेख छ। तसर्थ यसमा कुन कुन प्रक्रियाहरू यथासम्भव सरलीकृत गर्न सकिन्छ भन्ने विषयमा एक अध्ययन टोली गठन गरी निर्देशिकामा रहेका प्रक्रियाहरू सरल बनाउनुपर्ने।

- बाली तथा पशुपन्छी बिमा कार्यक्रममा सबै कृषकहरूलाई समान अवसर प्रदान गरिए पनि सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, अल्पसख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत, मुस्लिम, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान,

श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न वर्गलाई पहुँच तथा सहभागिता ज्यादै न्यून हुनुका अन्तरनिहित कारणहरूमा यी वर्गका कृषकमा सामान्यतया ज्ञानको कमी, सशक्तिकरणको कमी, सचेतनाको कमी, आर्थिक हिसाबले पिछडिएका, व्यावसायिक बाली तथा पशुपालनमा कमी र बिमा कार्यक्रममा विश्वासको कमी भन्ने उल्लेख भएको छ। माथि उल्लेखित पछाडि परेका वर्गले व्यावसायिक कृषि गर्न चाहेमा अनुदान तथा सहुलियत ऋण उपलब्ध गराउने तथा उक्त व्यावसायिक कृषिलाई घर दैलोमै बिमा र प्रिमियममा १००% अनुदानको व्यवस्था गरी आर्थिक हिसाबले सशक्तिकरण गरिनु पर्दछ।

- यस हिसाबले पछाडि परेका वर्गको समेत राम्रो सहभागिताको लागि लक्षित समूह विषेश कार्यक्रमहरू किटान गरी कार्यविधिमा उल्लेख गरिनुपर्ने. प्रिमियममा अनुदान थप गर्नुपर्ने र कार्यक्रमहरू भनिएअनुसार सञ्चालन भए नभएको अनुगमन गर्न संघ, प्रदेश र स्थानीय तहमा संयन्त्रको कार्यविधिमा नै व्यवस्था गरिनुपर्ने।

- बाली तथा पशुपन्छी बिमा अभिकर्ताहरूको रोष्टर तयार गरी तिनीहरू कुन कुन स्थानीय तहमा रहेका छन् र काम गरिरहेको वा नगरेको विषयमा अनुगमनका लागि स्थानीय तहमा समन्वय गर्ने गराउने।

- नियमनको विषय पेचिलो बनेको हुँदा नियमन सहजीकरणको लागि बिमा समितिका प्रदेशस्तरका शाखा सबै प्रदेशमा बनाइनुपर्ने।

- यथासम्भव धेरैभन्दा धेरै तथा नयाँ जातका बाली तथा पशुपन्छीहरू समेट्ने गरी बिमा लेख जारी गर्ने गराउने।

- खेती गर्ने तथा पशुपन्छीहरू पाल्ने कृषकहरू स्वयं विभिन्न किसिमका जोखिमसँग जुध्नुपर्ने भएकोले कृषकको बिमा के कसरी गर्न सकिन्छ भन्ने विषयमा पहल गरिनुपर्ने।

- विभिन्न उन्नत जातका पशुहरू (बोयर बाख्रा, मुर्रा भैंसी लगायत)को मूल्य निर्धारणमा समस्या देखिएको भन्ने जानकारी प्राप्त भएको हुँदा सो विषयमा पशु सेवा विभाग र बिमा समितिबाट अध्ययन गरी मूल्य निर्धारणमा सहजीकरण गरिनुपर्ने।

- बिमा गरी सकेका पशुहरूको बिमा अवधि समाप्त भएपछि बिमा नवीकरण गर्न कम्पनीहरू इच्छुक नदेखिएको भन्ने जानकारी अध्ययनबाट देखिएको हुँदा उक्त समस्याको सम्बोधनमा बिमा समितिबाट यथोचित भूमिका खेलिनुपर्ने।

- पन्छीहरू विशेषतः ब्रोइलर कुखुराको बिमा गर्न बिमा कम्पनीहरू इच्छुक नदेखिएको विषयलाई सम्बोधन गर्न बिमा समिति तथा पशु सेवा विभागले पहल गर्नुपर्ने।

## ➢ निजी क्षेत्र अर्थात् बिमा कम्पनीको भूमिका

- बिमा कार्यक्रम प्रभावकारी बनाउन बिमा कम्पनीहरूको महत्वपूर्ण भूमिका हुनुपर्ने देखिन्छ। यिनीहरूको

आवश्यक भूमिकामा समयमा नै सरल हिसाबबाट दाबी भुक्तानी गरी कृषकहरू माझ विश्वास आर्जन गर्नु पर्दछ । सरकारी निकाय र कम्पनीबीच समन्वयमा जोड दिनुपर्ने, बिमा कम्पनीका शाखाहरूलाई बाली तथा पशुपन्छी बिमाको लक्ष्य तोकि सोअनुसार भए नभएको तालुक बिमा कम्पनीबाट अनुगमन गरिनु पर्दछ ।

- बाली तथा पशुपन्छी बिमा कार्यक्रमलाई प्रभावकारी बनाउन फिल्ड तहमा देखिएका प्रक्रियागत समस्यामा कृषकहरूबाट प्राप्त जानकारीअनुसार बिमा अभिकर्ताले टोलटोलमा किसानहरूलाई जानकारी गराउने, बिमा कम्पनीहरू सहर केन्द्रित रहेकोमा गाउँमा समेत शाखा विस्तार गर्नुपर्ने तथा बिमा कम्पनीमा आवश्यक मात्रामा कर्मचारीहरूको व्यवस्था गरिनुपर्ने देखिन्छ ।

- बिमा कम्पनीहरूले स्थानीय तहको समन्वयमा बाली तथा पशुपन्छी बिमा कार्यक्रममा पछाडि परेका वर्गको सहभागिता बढाउन घरदैलोमै पुगी बिमा गर्न घुम्ती कार्यक्रमको लक्ष्य तोकी बिमा गर्ने गराउने कार्यलाई कार्यविधिमा नै अनिवार्य गरिनु पर्दछ ।

- कृषि तथा पशुसेवा विभागबाट बिमा अभिकर्ताहरूको विवरण माग गरी तत् तत् जिल्लामा बिमा अभिकर्ताहरू परिचालनमा भूमिका खेल्नुपर्ने ।

## ➢ कृषक र कृषक समूहको भूमिका

- बाली तथा पशुपन्छी बिमा कार्यक्रमको फाइदाहरूबारे कृषक तथा कृषक समुदायसँग छलफल गरिनुपर्ने, बिमासम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालनमा सहजीकरण, बिमा प्रक्रिया सरल र सहज बनाउने तथा प्रिमियम अनुदानबारे जानकारी गराउन सक्रिय हुनुपर्ने ।

- कृषकहरूले बिमा प्रक्रियाबारे बुझ्न तथा छरछिमेकका कृषकहरूलाई बुझाउन सक्रिय हुनुपर्ने ।

- आ-आफ्नो क्षेत्रमा रहेका बिमा अभिकर्ताहरू परिचालनमा भूमिका खेल्नुपर्ने ।

## ➢ कृषक अधिकारको क्षेत्रमा कार्यरत संघ संस्था तथा अन्य सरोकारवाला संघ संस्थाको भूमिका

- सरकारका बाली तथा पशुपन्छी बिमासम्बन्धी विद्यमान नीति, नियम, निर्देशिका, कार्यक्रमका बारेमा कृषकहरूलाई जानकारी गराउने, सरोकारवालाहरूसँग समन्वय तथा सहकार्य गरी बिमा कार्यक्रम प्रभावकारी रूपमा कार्यन्वयनमा भूमिका खेल्नुपर्ने देखिन्छ ।

- बाली तथा पशुपन्छी बिमा कार्यक्रमको फाइदाहरूबारे किसानसँग छलफल तथा सचेतनामूलक कार्यक्रम सञ्चालन र कृषकले दाबी भुक्तानी समयमा नपाएको अवस्थामा सहजीकरणका लागि भूमिका खेल्नुपर्ने देखिन्छ ।

- विद्यमान नीति, ऐन, नियम, निर्देशिका, कार्यक्रमका देखिएका समस्याहरू के कसरी सुधार गर्नु पर्दछ भन्ने विषयमा सरोकारवाला निकायहरूसँग पैरवी गर्ने गराउने तथा सुझाव दिने ।

## सन्दर्भ सामग्रीहरू


- बिमा ऐन, २०४९
- बिमा नियमावली, २०४९
- कृषि तथा पशुपन्छी बिमा निर्देशन २०६९
- बाली तथा पशुधन बिमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७०
- कृषि तथा पशुपन्छी बिमा निर्देशिका, २०७७
- राष्ट्रिय कृषि नीति, २०६१
- कृषि व्यवसाय प्रबर्द्धन नीति, २०६३
- दुग्ध विकास नीति, २०६४,
- पन्छीपालन नीति, २०६८
- पुष्प प्रवर्द्धन नीति, २०६९
- कृषि विकास रणनीति,२०१५

# अनुसूचीहरू

## I. समूह केन्द्रित छलफल (Focus Group Discussion) को प्रश्नावली

**खण्ड क**
**जोखिम बारेको धारणा**

**बाली तथा पशुपक्षी जोखिम बारेको धारणा**

**१. विगत ५ वर्षमा बाली/पशुपन्छी नोक्सानी भएको/नभएको?**

- बाली नोक्सानी भएको.........जना, नभएको.........जना
- पशुपन्छी नोक्सानी भएको.........जना, नभएको.........जना

**२. जलवायुजन्य जोखिम ('१' कम जोखिम र '५' बढी जोखिम)**

| बाली/ वस्तु | धेरै वर्षा | | | | | सुक्खा /खडेरी | | | | | असिना | | | | | आँधी हुरी | | | | | उच्च/न्यून तापक्रम | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाली | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ |
| माछा | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ |
| प शु चौपाया | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ |
| पन्छी | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ |

**३. रोग किरा र जंगली जनावरजन्य जोखिम ('१' कम जोखिम र '५' बढी जोखिम)**

| बाली/ वस्तु | रोग | | | | | किरा | | | | | जंगली जनावर | | | | | आगलागी | | | | | अन्य | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाली | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ |
| माछा | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ |
| पशु चौपाया | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ |
| पन्छी | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ |

**४. कृषकले अपनाएका जोखिम व्यवस्थापन विधि**

- बाली/पशुपन्छी विविधता अपनाएको......... जना, अपनाएको......... जना
- कृषि उपज बिक्री सम्झौता अपनाएको......... जना, अपनाएको......... जना
- गैरकृषि क्षेत्रमा लगानी गरेको ......... जना, नगरेको......... जना
- र कृषि क्षेत्रमा रोजगारी गरेको......... जना, नगरेको......... जना

## खण्ड ख

## बिमा कार्यक्रममा सहभागिता

**५. के तपाईंले बाली तथा पशुपन्छी बिमा गर्नुभएको छ?**

(a) बाली बिमा छ .......जना (b) छैन........जना

(b) पशुपन्छी बिमा छ .......जना (b) छैन........जना

**६. यदि छ भने, कुन कुन वस्तु/उपजमा बिमा गर्नु भएको छ?**

i. धान.......जना

ii. गहुँ.......जना

iii. मकै.......जना

iv. तरकारी.......जना

v. मसला बाली.......जना

vi. फलफूल.......जना

vii. गाई.......जना

viii. भैँसी.......जना

ix. बंगुर.......जना

x. बाख्रा.......जना

xi. कुखुरा.......जना

xii. हाँस.......जना

xiii. कालिज.......जना

xiv. माछा.......जना

xv. अन्य भए खुलाउने .......जना

**७. के साना कृषकसमेत बाली तथा पशुपन्छी बिमा कार्यक्रममा सहभागी भएका छन् ?**

(a)छन् ………..जना (b) छैनन्………..जना

**८. के महिला, पछाडि परेका वर्ग बाली तथा पशुपन्छी बिमा कार्यक्रममा सहभागी भएका छन् ?**

८.१ महिला (a) छन्………..जना (b) छैनन्………..जना

८.२ दलित (a) छन्………..जना (b) छैनन………..जना

८.३ जनजाति (a) छन्………..जना (b) छैनन………..जना

८.४ लैङ्गिक तथा यौनिक अल्पसंख्यक (a) छन्………..जना (b) छैनन्………..जना

**९. कृषकहरू बाली र पशुपन्छी बिमामध्ये उपक्षेत्रमा बढी सहभागी भएका छन् ?**

(a) बाली ......जना (b) पशुपन्छी ………जना

**१०. माथि प्रश्न न ९ को उपक्षेत्रमा बढी सहभागी हुनाको कारणहरू के होलान् ?**

i. ……………………………………………………………………………………

ii. ………………………………………………………………………………………

iii. ………………………………………………………………………………………

iv. ………………………………………………………………………………………

v. ………………………………………………………………………………………

**११. बाली बिमा गर्दा कृषकले के कस्ता कठिनाइ भोग्नु परेको छ?**

i. ……………………………………………………………………………………

ii. ……………………………………………………………………………………

iii. ……………………………………………………………………………………

iv. ……………………………………………………………………………………

v. ……………………………………………………………………………………

**१२. पशुपन्छी बिमा गर्दा कृषकले के कस्ता कठिनाइ भोग्नुपरेको छ?**

i. ........................................................................................

ii. ........................................................................................

iii. ........................................................................................

iv. ........................................................................................

v. ........................................................................................

**१३. साना कृषक तथा पछाडि परेका वर्गले कृषि बिमा गर्दा के कस्ता फरक कठिनाइ भोग्नु परेको छ?**

i. ........................................................................................

ii. ........................................................................................

iii. ........................................................................................

iv. ........................................................................................

v. ........................................................................................

**१४. बिमित कृषकले बाली क्षति भएमा क्षतिपूर्ति लिँदा बेहोर्नु परेका कठिनाइ के के हुन् ?**

i. ........................................................................................

ii. ........................................................................................

iii. ........................................................................................

iv. ........................................................................................

v. ........................................................................................

**१५. बिमित कृषकले पशुपन्छी क्षति भएमा क्षतिपूर्ति लिँदा बेहोर्नु परेका कठिनाइ के के हुन् ?**

i. ........................................................................................

ii. ........................................................................................

iii. ……………………………………………………………………………………

iv. ……………………………………………………………………………………

v. ……………………………………………………………………………………

**१६. धैरै कृषकले बाली तथा पशुपन्छीमा बिमा नगर्नुका कारणहरू के के हुन सक्छन् ?**

i. बाली तथा पशुपन्छी बिमाबारे जानकारी नभएर ( जना……..)

ii. बाली तथा पशुपन्छी बिमाका प्रकियाका बारे जानकारी नभएर ( जना……..)

iii. बाली तथा पशुपन्छी बिमाको प्रिमियम महँगो भएर ( जना……..)

iv. बाली तथा पशुपन्छीमा जोखिम नभएर ( जना……..)

v. क्षतिपूर्ति पाउने प्रक्रिया लामो र झन्झटिलो भएर (जना……..)

vi. उत्पादन लागत मात्र बेहोर्ने भएर ( जना……..)

vii. अन्य कारण……….

**१७. बाली तथा पशुपन्छी बिमा कार्यक्रमबाट तपाईं सन्तुष्ट हुनुहुन्छ?**

असन्तुष्ट……..जना, कम सन्तुष्ट……..जना, मध्यम सन्तुष्ट……..जना, धैरै सन्तुष्ट……..जना

## खण्ड ग

## पहुँच विस्तारमा सुझावहरू

**१८. बाली तथा पशुपन्छी बिमा कार्यक्रम प्रभावकारी बनाउन के कस्ता नीतिगत/कानूनी सुधार आवश्यक देख्नुहुन्छ?**

i. ........................................................................................................

ii. ........................................................................................................

iii. ........................................................................................................

iv. ........................................................................................................

v. ........................................................................................................

**१९. बाली तथा पशुपन्छी बिमा कार्यक्रममा कृषकको पहुँच विस्तार गर्न के कस्ता कार्यक्रम आवश्यक देख्नुहुन्छ?**

i. ........................................................................................................

ii. ........................................................................................................

iii. ........................................................................................................

iv. ........................................................................................................

v. ........................................................................................................

**२०. बाली तथा पशुपन्छीबिमा कार्यक्रम प्रभावकारी नहुनुमा फिल्ड तहमा के कस्ता प्रक्रियागत समस्या देख्नुहुन्छ?**

i. ........................................................................................................

ii. ........................................................................................................

iii. ........................................................................................................

iv. ........................................................................................................

v. ........................................................................................................

**२१. बाली तथा पशुपन्छी बिमा कार्यक्रम प्रभावकारी बनाउन फिल्ड तहमा के कस्ता प्रक्रियागत सुधार आवश्यक**

**देख्नुहुन्छ?**

i. ………………………………………………………………………………

ii. ………………………………………………………………………………

iii. ………………………………………………………………………………

iv. ………………………………………………………………………………

v. ………………………………………………………………………………

## II. मुख्य सूचनादाता अन्तर्वार्ता (Key Informant Interview) को प्रश्नावली

१. कृषकले बाली जोखिम व्यवस्थापन गर्न अपनाएका विधिहरू के कस्ता छन् ?

२. कृषकले पशुपन्छी जोखिम व्यवस्थापन गर्न अपनाएका विधिहरू के कस्ता छन् ?

३. के कस्ता बाली बिमा कार्यक्रमहरू राष्ट्रियस्तरमा तथा यस जिल्लामा उपलब्ध छन् ? कसले सञ्चालन गरेका छन् ?

४. के कस्ता पशुपन्छी बिमा कार्यक्रमहरू राष्ट्रियस्तरमा तथा यस जिल्लामा उपलब्ध छन् ? कसले सञ्चालन गरेका छन् ?

५. बाली तथा पशुपन्छी बिमा कार्यक्रमबारे के कृषकहरू जानकार छन् ?

६. बाली तथा पशुपन्छी बिमा कार्यक्रमबारे कृषकहरूलाई जानकारी दिन के कस्ता तरिकाहरू अपनाइएका छन् ?

७. बाली तथा पशुपन्छी बिमा कार्यक्रमका बारेमा दिइएको जानकारीहरू लक्षित कृषकहरू समक्ष राम्ररी पुगेका छन् त ?

८. कृषकहरू बाली तथा पशुपन्छी बिमा कार्यक्रमका लागि सरकारबाट उपलब्ध सेवाको पहुँचका बारेमा जानकारी रहेको देख्नुहुन्छ ?

९. बाली तथा पशुपन्छी बिमा कार्यक्रमको सबै लक्षित समूहमा पहुँच विस्तारका लागि सरकारी प्रयासहरू के कस्ता रहेका छन् ?

१०. महिला/पुरुष/दलित/गरिब/जनजाति/पछाडि परेका वर्ग /अपांगता भएका व्यक्ति/बाहुन क्षेत्रीमध्ये कुन वर्गमा बाली तथा पशुपन्छी बिमा कार्यक्रमको पहुँच राम्रो देख्नुहुन्छ ?

११. कृषकहरूको बाली तथा पशुपन्छी बिमा कार्यक्रममा सहभागीको अवस्था कस्तो छ ?

१२. पछाडि परेका वर्ग महिला/दलित/गरिब/जनजाति/अपांगता भएका व्यक्ति /लैङ्गिक तथा यौनिक अल्प संख्यक लगायत) को बाली तथा पशुपन्छी बिमा कार्यक्रममा सहभागीको अवस्था कस्तो छ ?

१३. कृषकहरूको बाली तथा पशुपन्छी बिमा कार्यक्रममा अपेक्षाभन्दा कम सहभागिता हुनुका अन्तरनिहित कारणहरू के के हुन् ?

१४. पछाडि परेका वर्ग (महिला/दलित/गरिब/जनजाती/अपांगता भएका व्यक्ति/लैङ्गिक तथा यौनिक अल्प संख्यक लगायत) को बाली तथा पशुपन्छी बिमा कार्यक्रममा सहभागिता झनै कम हुनुका अन्तरनिहित कारणहरू के के हुन् ?

१५. बाली तथा पशुपन्छी बिमा कार्यक्रममा कृषकको पहुँच, चाहना तथा सहभागिता विस्तारका लागि विद्यमान ऐन, नियम प्रश्नावली , निर्देशिका तथा कार्यविधिमा के कस्ता सुधार आवश्यक छ?

१६. बाली तथा पशुपन्छी बिमा कार्यक्रममा पछाडि परेका वर्ग (महिला/दलित/गरिब/जनजाती/अपांगता भएका व्यक्ति/लैङ्गिक तथा यौनिक अल्प संख्य लगायत) लगायत) को चाहना पहुँच च, चाहना तथा सहभागिता विस्तारका लागि विद्यमान ऐन, नियमावली, निर्देशिका तथा कार्यविधिमा के कस्ता सुधार आवश्यक छ ?

१७. बाली तथा पशुपन्छी बिमाको प्रभावकारी कार्यान्वयनका लागि कुन कुन निकाय र तहको भूमिका कस्तो हुनुपर्ला **?**

a. संघीय सरकारको भूमिका के हुन सक्छ ?

b. प्रदेश सरकारको भूमिका के हुन सक्छ ?

c. स्थानीय सरकारको भूमिका के हुन सक्छ ?

d. बिमाकम्पनीहरूको भूमिका कस्तो हुनुपर्ला ?

e. कृषकको भूमिका र दायित्व के हुनुपर्ला ?

f. कृषक समूह तथा कृषक अधिकारको क्षेत्रमा क्रियाशील संस्थाहरूको भूमिका कस्तो हुनुपर्ला ?

g. अन्य सरोकारवाला निकायहरूको भूमिका कस्तो हुनुपर्ला ?

१८. बाली तथा पशुपन्छी बिमा कार्यक्रमबाट लाभान्वित कृषकहरूबारे यहाँलाई केही जानकारी छ कि**?**

**III. मुख्य सूचनादाता अन्तर्वार्ता (Key Informant Interview) मा सहभागी**

संघीय र प्रदेश निकायका मुख्य सूचनादाताको विवरण

१. लोकराज सुवेदी, कृषि अर्थविज्ञ, कृषि विभाग, हरिहर भवन, ललितपुर

२. डा.चन्द्र ढकाल, वरिष्ठ पशुविकास अधिकृत, पशुसेवा विभाग, हरिहरभवन, ललितपुर

३. पुनम ज्ञवाली श्रेष्ठ, उप-निर्देशक, बिमा समिति, कुपण्डोल, ललितपुर

४. मनोहर अधिकारी, निर्देशक, हिमालयन जनरल इन्सुरेन्स कम्पनी लिमिटेड, काठमाडौं

५. आशा भण्डारी, कृषि प्रसार अधिकृत, कृषि विकास निर्देशनालय , बुटवल

**दाङ जिल्लाका मुख्य सूचनादाताको विवरण**

१. अनन्तराज रेग्मी, प्रमुख, पशु सेवा शाखा, गढ्वा गाउँपालिका

२. कर्ताराम यादव, प्रमुख, कृषि शाखा, गढ्वा गाउँपालिका

३. महेश रेग्मी, वरिष्ठ कृषि अधिकृत, प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, दाङ

४. सम्झना चौधरी, प्रवन्धक, मञ्जरी महिला साना किसान कृषि सहकारी संस्था लिमिटेड

५. कृष्ण न्यौपाने,अधिकृत, भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, दाङ

६. हिरान प्रसाद कर्मा, निमित्त प्रमुख, नेसनल इन्सुरेन्स कम्पनी लिमिटेड, दाङ

७. फिर्तुमान चौधरी, अधिकृत, कृषि ज्ञान केन्द्र, दाङ

**कपिलवस्तु जिल्लाका मुख्य सूचनादाताको विवरण**

१. दिलमाया थापा, व्यवस्थापक, कल्याणकोट कृषि सहकारी संस्था, शिवराज गाउँपालिका-९, कपिलवस्तु

२. ……………………………., कृषि विकास शाखा, विजयनगर गाउँपालिका, कपिलवस्तु

३. ……………………………., पशु सेवा शाखा, विजयनगर गाउँपालिका, कपिलवस्तु

४. जनकप्रसाद बेल्लो, नेको इन्सुरेन्स कम्पनी लिमिटेड, शिवराज नगरपालिका-५, कपिलवस्तु

५. ताराचन चौधरी, प्रमुख, कृषि विकास शाखा, शिवराज नगरपालिका,कपिलवस्तु

६. रविन्द्र चौवे, प्रमुख, कृषि ज्ञान केन्द्र, कपिलवस्तु

७. धनेश्वर खनाल, प्रमुख, पशु सेवा शाखा, विजयनगर नगरपालिका, कपिलवस्तु

८. सहसराम चौधरी वरिष्ठ कृषि अधिकृत, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, कपिलवस्तु

९. खनाल, शाखा प्रबन्धक, सानिमा जनरल इन्सुरेन्स कम्पनी लिमिटेड, शिवराज, कपिलवस्तु

१०. उत्तम आचार्य, प्रमुख, अधिकृत, भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, कपिलवस्तु